रुपान्तरणका लागि एकता

## नेपाल ट्रेड यूनियन महासंघ, पाँचौं राष्ट्रिय महाधिवेशन (चैत २२-२५, २०६५)

# समापन मन्तव्य

आज नेपाली मजदुर आन्दोलनले ६३ बसन्त पार गर्न लाग्दैछ । यो त्रिसट्ठी वर्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा ठूलठूला उथलपुथलहरु भए । विश्वको मजदुर आन्दोलन यसै अवधिमा उत्कर्षमा पुग्यो । पूर्वी यूरोप, क्युवा, चीन, भियतनाम, आदि देशमा भएका मजदुर आन्दोलन र क्रान्तिले पूँजीवाद सामन्तवाद र साम्राज्यवादको उत्पीडनको अन्त्य गर्‍यो । विश्वबाट ठूला उपनिवेशवादी महाशक्तिहरु जनताको आन्दोलनबाट पराजित भए । विश्वको मजदुर आन्दोलन यसै अवधिमा आन्दोलित संगठित र सशक्तिकरणतर्फ अगाडि बढ्यो ।

विश्वको मजदुर आन्दोलनका साथै नेपाली मजदुर आन्दोलन पनि अनेकौं वाधा र अडचनहरु पार गर्दै आफ्नो लक्षतर्फ निरन्तर अगाडि बढ्दै गयो र बढिरहेको छ । बि.स.२००३ सालबाट आन्दोलित र संगठित भएको यो वर्गले सातसालको क्रान्तिमा नेपालका राजनैतिक दलहरुसंग सशक्त हातेमालो गर्‍यो भने सातदेखि सत्रसम्मको दशवर्षको अवधिमा विराटनगरदेखि बीरगञ्जसम्म आफ्नो आर्थिक माग र संगठन सुदृढिकरणको दिशामा सशक्त पाइलाहरु चाल्यो । राजा महेन्द्रको सत्रसालको सत्ता कूको घटनाबाट राजनैतिक दलका साथै नेपालको ट्रेडयूनियन संगठन पनि प्रतिबन्धित भयो । निरंकूश राजतन्त्रको ३० वर्षे कठोर पञ्चायती शासनकालको कठोर दमनको अवधिमा पनि नेपाली मजदुरहरुले भूमिगत ढंगले आफ्नो राजनैतिक, सांगठनिक गतिविधिलाई जारी राखे । राजनीतिक दलहरु छिन्नभिन्न र निर्वासनको अवस्थामा रहेको बेलामा पनि मजदुरहरुले आफ्नो वर्गीय आन्दोलनलाई समेत जारी राखे । ०२९ सालदेखि ०३५ सालसम्म विराटनगर, जनकपुर, बीरगञ्ज, हेटौंडा, काठमाडौं आदि ठाउँमा आन्दोलनको दोस्रो पुस्ताले नेपालको मजदुर संघर्षलाई निरन्तरता दियो । ०३५ ०३६ को जनआन्दोलनमा मजदुरहरुका यी गतिविधिको प्रत्यक्ष प्रभाव पर्‍यो । जनमत संग्रहको घोषणा लगत्तै बालाजुमा भेला भएका देशका विभिन्न भागका औद्योगिक क्षेत्रका आन्दोलनकारी मजदुरहरुले राष्ट्रिय भेला गरी नेस्वमयू नामको राष्ट्रिय स्तरको संगठन निर्माण गरे । ०१७ सालको प्रतिबन्धपछि मजदुर आन्दोलनको बलमा सबै राजनीतिक दल र संघ संस्था प्रतिबन्धित भएको अवस्थामा पनि खुल्ला संगठन निर्माण गरी देशव्यापी मजदुर आन्दोलनमा लाग्ने यो नै पहिलो संगठन हो । त्यस यता २०४६ सालको निरंकुशतन्त्रको अन्त्यको आन्दोलन, २०६१ को राजा ज्ञानेन्द्रको सत्ता पलट पछिको संयुक्त ट्रेड यूनियन आन्दोलन, ०६२ ०६३ को महान् जनआन्दोलनमा राजनीतिक पार्टीहरुसंगको सशक्त हातेमालो र मजदुर आन्दोलनकै क्रममा आफ्ना अधिकार स्थापित गर्न गरिएका संघर्ष र त्यसका उपलब्धीले आज नेपालको राजनीतिक वृत्तमा र विश्वव्यापी रुपमै पनि नेपालको ट्रेड यूनियन आन्दोलनले आफ्नो प्रतिष्ठा स्थापित गरेको छ ।

बितेका ६३ वर्षको समीक्षा गर्दा विगतको विश्व र आजको विश्वमा आमूल भिन्नताहरु उत्पन्न भएका छन् । विश्व अनेकौं जटिलता र द्वन्द्वका नयाँ नयाँ श्रृंखलाका अनेकौं कडीहरुका सांग्लामा जेलिंदै गइरहेको छ । पूँजीवाद चरम आर्थिक संकटबाट गुज्रँदै छ । विश्वका करोडौं मजदुर कटौतीमा परेका छन् । विश्वव्यापी रुपमा पचासौं करोड बेरोजगारहरु कामको खोजीमा भौंतारिइरहेका छन् । मुनाफको लागि प्रविधिको दुरुपयोग गर्दै कारखानाको आधुनिकीकरण तर्फ लम्केको पूँजीवाद अझै चर्को रुपमा जनमुखी उद्योग समाप्त पार्दैछ र मानव संशाधनको उपेक्षा गर्दैछ । पूँजीवाद निरन्तर रोबोटिकरणतर्फ उन्मुख छ । यसले विपन्न कामदार, मजदुर तथा वौद्धिक श्रमका सम्पूर्ण क्षेत्रहरुका रोजगारी र पेशा गम्भीर संकटमा परेका छन् । जसको परिणाम विश्वव्यापी रुपमै विपन्न जनता, मजदुरवर्ग र वौद्धिक श्रममा लागेको ठूलो हिस्सा पूँजीवादको विरुद्ध वाध्यात्मक विद्रोहको अवस्थातर्फ धकेलिने संभावना बढ्दैछ ।

नेपालकै सन्दर्भमा कुरा गर्ने हो भने पनि हामी यस्तै अन्यौलता र जटिलताका बीचबाट हाम्रो ट्रेड यूनियन आन्दोलनलाई अगाडि बढाइरहेका छौ । नेपाल ट्रेड यूनियन महासंघको गठनका अठारवर्षपछि नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना भएको छ । पुरानो संविधान खारेज भएको छ । संक्रमणकालीन

अन्तरिम संविधानबाट मुलुक संचालन हुँदैछ । राज्यको पुनर्संरचना, संघीयता, जातीयता, क्षेत्रीयता आदि विषय गम्भीर ढङ्गले अगाडि आएका छन् । जातीय सम्मान, भाषिक स्वतन्त्रता, प्राकृतिक स्रोतको उचित बाँडफाँड आज उठेका जनताका आवाज एकदमै जायज छन् र नेपाली मजदुर वर्ग जनताका यी भावनासँग ऐक्यवद्धता जाहेर गर्दछ तर नोपलको राजनीतिमा देखापरेको अन्यौलता राजनैतिक दलहरुको अदूरदर्शिता र अकर्मण्यताले विपन्न वर्ग र करोडौं श्रमजीवी जनताका आर्थिक अधिकार आधारभूत जीवनका आवश्यकताहरु नै ओभ्मेलमा पर्ने संभावना छ । गास, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा, पानी, सडक, बिजुली आदि आम नेपाली श्रमजीवी वर्गका आधारभूत माग हुन् । यी आधारभूत मागहरु पूरा गर्न सबभन्दा पहिलो आवश्यकता आपसी एकता, भाइचारा र मेलमिलाप हो । एकअर्कालाई माया गर, एकअर्कालाई ख्याल गर, एक अर्कालाई मद्दत गर, यो नै मजदुर वर्गको एकताको मूल मन्त्र हो र यो नै मार्क्सवादको सार पनि हो । यस्तो उन्नतस्तरको एकता मजदुर श्रमजीवी वर्गको पहलमा मात्र सम्भव छ ।

हामीलाई थाहा छ, आज नेपालको राजनीतिक आन्दोलन अस्वस्थ ढङ्गले विभाजित छ । राजनीति आफैमा विभाजन, विवाद, संवाद, सहकार्य र संघर्षको जोड हो । तर अस्वस्थ राजनीति र स्वस्थ राजनीतिले जनताको जीवनमा पार्ने असरमा आकास पातालको फरक पर्छ । हामी विश्वका विकसित देश र अविकसित देशको राजनीतिको तुलना गरेर हेर्न सक्छौं । यूरोप र दक्षिण एशियाको तुलना गरेर हेर्न सक्छौं । आज नेपालकै कुरा गर्ने हो भने पनि हामी अस्वस्थ राजनीतिको सिकार भएका छौं । वर्गीय कुराहरु ओभ्मेलमा पर्दैछन् र जातिवाद र क्षेत्रवाद राजनीतिमाथि हावी हुने खतरा बढेको छ । एकले अर्कोलाई हेप्ने, तिरस्कार गर्ने, जालभ्मेल र षडयन्त्र गर्ने, राष्ट्रिय तथा वर्गीय एकतालाई कमजोर पार्ने गैरमजदुर वर्गीय संस्कृति हावी हुने खतरा विद्यमान छ । अझै पनि मुलुक हिंसा, तोडफोड, बन्द, आगजनी र द्वन्द्वबाट आक्रान्त छ । श्रमका कार्यथलोहरु सुरक्षित छैनन् । छोराछोरीको पठनपाठन दशौं वर्षदेखि अवरुद्ध छ । महंगी आकाशिंदो छ र जनजीवन झन्झन् कष्टकर छ । मजदुरका जायज राजनीतिक, आर्थिक र सामाजिक मागका एजेण्डाहरु संविधान बनाउने ठाउँमा गएर थन्किएका छन् । जाति जाति बीचको द्वन्द्व र हिंसा तथा राजनीतिक दलको अस्वस्थ खिचातानीको कारण समयमै संविधान बन्छ कि बन्दैन नेपाली जनताले नयाँ संविधान अन्तरगत रहेर आफ्ना राजनीतिक, सामाजिक र आर्थिक स्वतन्त्रताको उपयोग निर्वाध रुपले गर्न पाउँछन् कि पाउँदैनन् ? नेपाल ट्रेड यूनियन महासंघको गौरवमय पाँचौं महाधिवेशन सम्पन्न भइरहँदा तपाईं हाम्रो मनमा यस्तै कुराहरु उठिरहेका छन् । हामी मात्र होइन, आजको विश्व यीनै प्रश्न बोकेर नेपालको राजनीतिको लेखाजोखा गरिरहेको छ ।

परिस्थितिको यो पाटोले के देखाउँछ भने नेपालको मजदुर तथा श्रमजीवी आन्दोलन एक्ला एक्लै विभाजित भएर अगाडि जान सक्दैन । यदि हामी आम नेपाली जनता र श्रमिक वर्गको इच्छा र आवश्यकता बाहिर गएर कुनै राजनीतिक दल वा व्यक्ति विशेषको इच्छा पूरा गर्न हिंड्छौं भने बेग्लै कुरा हो । नत्र भने आमजनताको इच्छा र देशको आवश्यकतालाई प्राथमिकतामा राख्ने हो भने ट्रेड यूनियन आन्दोलनको देशको यो संक्रमणकालीन अन्यौलतालाई अन्त्य गर्नको लागि बलियो मोर्चा बनाउनु आवश्यक छ । सिंगो राष्ट्रका समस्याको त कुरै छैन हामी एकजुट हुँदैनौं भने हाम्रा जीवन्त मागहरु श्रम आयोगको गठन, श्रम अदालतको प्रभावकारी कार्यान्वयन, श्रम निरिक्षण प्रणालीको प्रभावकारिता, श्रमिकमुखी श्रम ऐनको निर्माण, आइएलओका अभिसिन्धिका पालना जस्ता मागहरु पनि ओभ्मेलमा पर्नेछन् । वर्तमान अवस्थामा नेपालका सबै तप्का र समुदायहरु आफ्ना आफ्नै हीत र संरक्षणका लागि आवाज उठाइरहेका छन् । टोलका हित, जिल्ला र क्षेत्रका हित, जातिका हित र वर्गका हित यसरी अनेकौं हितहरुका आवाज आ आफ्ना ठाउँबाट उठिरहेको बेला एउटा संगठित र सचेत वर्गको हैसियतले यसको समायोजनको सहज निकासतर्फ योगदान पुर्‍याउनु र नेपालका राजनीतिक दललाई समयमै सचेत गराउनु पनि आजको ट्रेड यूनियन आन्दोलनको प्रमुख जिम्मेवारी हो । यसै जिम्मेवारीलाई महसुस गर्दै म नेपाल ट्रेड यूनियन महासंघको पाँचौं राष्ट्रिय महाधिवेन सम्पन्न भइरहेको यो घडीमा नेपालका सबै ट्रेड यूनियन कर्मीहरु र जेटियुसिसिमा आवद्ध सबै संगठनका नेतृत्वदायी साथीहरुमा के आह्वान गर्न चाहन्छु भने हामी नेपालको भूभागबाट हिंसा र अशान्तिको अन्त्य तथा दीगो शान्ति र प्रगतिको लागि एउटा बलियो ट्रेड यूनियन मोर्चाको निर्माण गरौं र नेपाली तथा विश्व जनताको सामुन्ने नेपाली श्रमिकहरुको शान्ति प्रगति र अग्रगतिको प्रबल इच्छालाई व्यवहारबाटै प्रदर्शित गरौं ।

धन्यवाद ।

Let us Cement Our Unity and Solidarity

# Concluding Remarks

## by Mukunda Neupane, outgoing Chairman-GEFONT

Nepali Trade Union movement is crossing 63 years. During these years, there have been great upheavals in the world. The world labour movement even reached at peak in this period. The East European, Cuban, Chinese and Vietnamese revolution ended up feudal and imperialist oppression. The colonial power has been defeated by people's power. World labour movement solidly organised and empowered in this period.

The labour movement had gone through extreme difficulties and various ups & downs, at home and the aboard. Being organised since 2003 the working class movement lend strong solidarity with political parties in 1950s revolution and mobilised entire workers till 1960s to attain professional and organisational rights.

The Trade unions along with political parties banned after the coup d'état led by the then king Mahendra in 1960. However, the workers continued struggle under the absolute monarchy for 30 years of tyrannical rule of autocratic *Panchayat* system.

The political parties disintegrated in this period; where as workers gave continuity in their movement. The local trade union actions during 1972 to 1979 at various places such as Biratnagar, Janakpur, Birgunj, Hetaunda and Kathmandu gave birth of Second generation of Nepali Trade Union Movement. There was direct impact of worker movement on 1979's mass movement; which forced the then autocratic regime to declare "referendum" whether the Panchayat system continued or opt it by the multiparty system. The trade union movement set its bench mark by active participating in the movement of 1990 and 2006 together with the political parties. The out comes of these movement has established revolution image of Nepali trade union movement within the country and globally.

Today, the global context has changed; the world is facing new but complex types of contradictions. The Capitalism is passing through an extreme financial crisis. Millions of workers are loosing their job due to this. 50 million more people are estimated to be unemployed worldwide due to this crisis. The Capitalism is moving towards is exploiting new

technology and replacing human labour.

These days, our country is in political transition. The old constitution is replaced by interim constitution. The issues of restructuring of state, federalism, and the issues identity has been a demand of the day. The peoples' demand of identity & dignity of their ethnicity, language, culture, and equitable distribution of national resources are the genuine; thus our movement extend solidarity on it; however we are equally very much concern on the issue of economic exploitation. Right to access at house, food, cloths, education, health, security, drinking water, road etc are agendas of working class in Nepal. To meet these demands we need mutual unity, fraternity and solidarity. "Love to each other, Care to each other, Help to each other" are the slogans for our unity.

We all know that Nepali Political movement is being terribly divided. Politics is itself the conclusion of competition, argument, debate, Dialogue, unity in action and struggle. However, we are victim of the unhealthy competition of politics. The issues of class are being shadowed. The nation is suffering from the violence, spontaneous and wild-general strikes and social unrest. The Work place is not safe. Poor workers have been pushed to extreme difficulties and livelihood crisis. Our country is in the constitution making process. There are series of questions before us- whether is it possible to draft new constitution in time? Can we exercise our social, economic and political right under this constitution, with out fear? We discussed these issues during our historical congress; and similarly we guess, whole world is watching us how we seek answer of these questions. The Issues demand broader unity of working class.

Formation of strong national labour commission, effective implementation of labour legislations, introduction of labour inspection system, reform of labour market policies etc are our major issues. Realising our historical role, on the occasion of our Fifth National Congress;, I appeal to all trade unions and leaders affiliated with JTUC to cement our unity for social transformation, Peace and Democracy .

Thank you!

Mukunda Neupane
Outgoing Chairman

**April 08, 2009**

# ऐक्यवद्धता / Solidarity

हामीहरू जसले ऐक्यवद्धता जनायौं / We who expressed our solidarity

अल इण्डिया सेन्ट्रल काउन्सिल अफ ट्रेड यूनियन्स – एआइसीसीटीयू
All India Central Council of Trade Unions – AICCTU

बङ्गलादेश जातीयतावादी श्रमिक दल – बीजेएसडी
Bangladesh Jatiyatabadi Sramik Dal – BJSD

अल पाकिस्तान ट्रेड यूनियन कंग्रेस
All Pakistan Trade Union Congress

क्यानेडियन लेबर कंग्रेस
Canadian Labour Congress

सीआइएसएल
CISL

डीजीबी
DGB – Deutscher Gewerkschaftsbund

इन्टरनेशनल टेक्सटायल, गार्मेन्ट एण्ड लेडर वर्कर्स फेडरेसन – आइटीजीएलडब्लूएफ
International Textile, Garment & Leather Workers' Federation – ITGLWF

इन्टरनेशनल फेडरेशन अफ केमिकल, इनर्जी, माइन एण्ड जनरल वर्कर्स यूनियन्स – आइसीएम
International Federation of Chemical, Energy, Mine and General Workers' Unions – ICEM

हिण्ड मजदुर सभा, इन्डिया
Hind Mazdoor Sabha, India

जापानीज ट्रेड यूनियन कन्फेडरेसन – जेटीयूसी–रेन्गो
Japanese Trade Union Confederation – JTUC-RENGO

एलओ – दी नर्वेजियन कन्फेडरेसन अफ ट्रेड यूनियन्स
LO – The Norwegian Confederation of Trade Unions

पाकिस्तान इन्स्टिच्यूट अफ लेबर एजुकेसन एण्ड रिसर्च-कराँची
Pakistan Institute of Labour Education & Research-Karachi

सेवा
SEWA

TUAC
ट्रेड यूनियन एडभाइजरी कमिटी टु द ओइसीडी
Trade Union Advisory Committee to the OECD

यूएनआइ एण्ड यूएनआइ एप्रो
UNI and UNI Apro

# सहभागिता / Participation

## हामीहरु जो सहभागी भयौं / We who participated



**कार्यक्रम उद्घाटन र मन्तव्य : प्रमुख अतिथि क. झलनाथ खनाल, नेकपा (एमाले)**
Inauguration : Chief Guest J.N. Khanal, President - CPN (UML)




**विशिष्ट अतिथि : क. अष्टलक्ष्मी शाक्य, उद्योग मन्त्री**
Special Guest : Com. Asta Laxmi Shakya, Minister of Industry



**सभाको अध्यक्षता : क. मुकुन्द न्यौपाने, अध्यक्ष–जिफण्ट**
Chairperson : Com. Mukunda Neupane, Chairman-GEFONT




**कार्यक्रम संचालन : क. विनोद श्रेष्ठ, महासचिव–जिफण्ट**
Master of Ceremony : Binod Shrestha, Secretary General-GEFONT



**स्वागत मन्तव्य : क. उमेश उपाध्याय, उपमहासचिव – जिफन्ट**
Welcome : Com. Umesh Upadhyaya, Dy Secretary General -GEFONT




**धन्यवाद : केममवि संयोजक, क. विना श्रेष्ठ**
Vote of Thank : Com. Bina Shrestha, Coordinator – CWWD, GEFONT



**क. फान्ग दाम, एसीएफटीयू**
Ms. Fang Dan, ACFTU



**क. लियोपोल्दो तार्ताग्लिया, सीजीआइएल, इटाली**
Mr. Leopoldo Tartaglia, CGIL, Italy



**क. गंगाराम खड्गी, अध्यक्ष, नेपाल ट्रेड यूनियन फेडेरेसन**
Mr. Ganga Ram Khadgi, Chairman, Nepal Trade Union Federation



**क. तिलक थापा मगर, अध्यक्ष, फिनेप्ट**
Mr. Tilak Thapa Magar, Chairman, FENEPT



**क. टोभ मोलर पेडर्सन, श्री एफ**
Ms. Tove Moller Pedersen, 3F



**क. लेफ इसाक्सन, एलओ-स्वीडेन**
Mr. Leif Isaksson, LO-Sweden



**श्री खगेन्द्र खत्री, नेपाल ट्रेड यूनियन कांग्रेस-स्वतन्त्र**
Mr. Khagendra Khatri - NTUC-I



**श्री खालिद अटान, बीडब्लुआइ**
Mr. M. Khalid Atan, BWI



**क. सुशिलचन्द्र अमात्य, अध्यक्ष, पेशागत महासंघ, नेपाल**
Mr. Sushil Chandra Amatya, Chairman, CoNEP



**क. न्गुयन भान दुंग, भीजीसीएल**
Mr. Nguyen Van Dung, VGCL



**क. म्यारियानिक ले ब्रीस, सीजीटी, फ्रान्स**
Mr. Mariannick Le Bris, CGT, France



**डा. शरण केसी, एसएएसके, फिनल्याण्ड**
Dr. Sharan KC, SASK, Finland



**क. पोङ्ग सुल आन, आइएलओ, दिल्ली**
Mr. Pong Sul Ahn, ILO, Delhi



**क. लेखराज भट्ट, श्रम तथा यातायात व्यवस्था मन्त्री**
Hon'ble Lekhraj Bhatta, Labour & Transport Mgmt. Minister



**क. गणेश शाह, विज्ञान तथा प्रविधि मन्त्री**
Hon'ble Ganesh Shah, Minister for Science & Technology



**क. देवराज दाहाल, एफइएस नेपाल**
Mr. Devraj Dahal, FES Nepal



**क. पार्क सिङ हो, एपीडब्लुएसएल कोरिया**
Mr. Park Seungho, APWSL Korea



**क. टिम रायन, अमेरिकन सोलिडारिटी**
Mr. Tim Ryan, American Solidarity



**क. हेन्ड्रीकस कार्थोफ, एफएनभी, नेदरल्याण्ड**
Mr. Hendrikus Karthof, FNV Bondgenoten, Netherland



**क. नाबोथ कर्नेलिस भान लुइज्क, एफएनभी**
Mr. Naboth Cornelis Van Luijk, FNV Bondgenoten



**क. गौतम मोदी, एनटीयूआइ, भारत**
Mr. Gautam Modi, NTUI



**क. शीखा जोशी, सेवा**
Ms. Shikha Joshi, SEWA/Stnet



क. मार्गरेथा मेडलोन जोसे लाङब्रोएक, एफएनभी, नेदरल्याण्ड
Ms. Margaretha Madelon Jose Langbroek, FNV Bondgenoten, Netherland



क. अल्बर्टस भिन्के, एफएनभी, नेदरल्याण्ड
Mr. Albertus Vinke, FNV Bondgenoten, Netherland



क. विल्मा रुज, एफएनभी, नेदरल्याण्ड
Ms. Wilma Roose, FNV Mondiaal, Netherland



क. मार्जन विल्हेल्मिना, एफएनभी, नेदरल्याण्ड
Ms. Marjan Wilhelmina, FNV Mondiaal, Netherland



क. लियोना माककेन, एफएनभी
Ms. Leona McCann, FNV Mondiaal



क. प्रभु राजेन्द्रन, एफएनभी, भारत
Mr. Prabhu Rajendran, FNV India



क. ली, युन वन, केसीटीयू, कोरिया
Mr. Lee, Yun Kwon, KCTU, Korea



क. ह्वाङ्ग, क्युन येङ, केसीटीयू, कोरिया
Mr. Hwang, Keun Yeong, KCTU, Korea



क. किम हो जुङ, केसीटीयू, कोरिया
Mr. Kim, Ho Jung, KCTU, Korea



क. आन्नेलिसे रसमुसेन, श्री एफ
Ms. Annelise Rasmussen, 3F



क. वाङ सुमेइ, एसीएफटीयू, चीन
Ms. Wang Xuemei, ACFTU, China



**क. एच. महादेवन, उपमहासचिव, डब्लुएफटीयू**
Mr. H. Mahadevan, WFTU, AICCTU



**श्री नोरीयुकी सुजुकी, महासचिव, आइटीयुसी-एपी**
Mr. Noriyuki Suzuki, General Secretary, ITUC-AP



**क. संजीव पण्डिता, एएमआरसी**
Mr. Sanjiv Pandita, AMRC



**क. सुजाता घोतस्कर, आइयूएफ**
Ms. Sujata Ghotaskar, IUF



**क. लुसिया भिक्टोर जयसिलाम, काउ**
Ms. Lucia Victor Jayaseelam, CAW



**श्री नरेन्द्र कुमार बस्नेत, कार्यवाहक सभापति, नेपाल उद्योग परिसंघ**
Mr. Narendra Kumar Basnet - Acting President, CNI



**क. सालीकराम जमकट्टेल, अध्यक्ष अनेट्रेयू महासंघ**
Mr. Salikram Jamkattel, Chairman, ANFTU



**श्री सेङ्जी ली, निर्देशक, आइएलओ- नेपाल**
Mr. Shengjie Li, Director, ILO-Nepal



**क. जी. राजासेखरन, अध्यक्ष आइटीयूसी एपी**
Mr. G. Rajasekaran, ITUC AP/MTUC



**क. फिस आइपी, एचकेसीटीयू**
Ms. Fish IP, HKCTU



**क. चोइ जोङ-जिन, केसीटीयू**
Mr. Choi Jong-jin, KCTU



**श्री कुश कुमार जोशी, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ**
Mr. Kush Kumar Joshi - Chairman, FNCCI

# प्रतिनिधिहरू / Participants

**नेपाल स्वतन्त्र मजदुर यूनियन (नेस्वमयू)** - Nepal Independent Workers' Union (NIWU)

| | | | |
|---|---|---|---|
| युवराज पौडेल | संयोगिता शाह | ननसरी गुरुङ | गोमा कार्की |
| कमललक्ष्मी श्रेष्ठ | खडानन्द रिजाल | टोलराज पौडेल | विष्णु सिंह |
| भूमिनारायण चौधरी | इलीयास मिक्रानी | मना खड्का | संजिता घिमिरे |
| महेश चौधरी | दामोदर पराजुली | दिपक आर्चाय | वचन चौधरी |
| राजेन्द्र भुजेल | दिव्या भण्डारी | कञ्चन चौधरी | दुर्गा कार्की |
| उत्तम कुमार श्रेष्ठ | बलराम पौडेल | नानु थापा | |
| अमृतलाल श्रेष्ठ | ज्ञानेन्द्र कुंवर | ममता झा | |

**नेपाल स्वतन्त्र टेक्सटायल गार्मेन्ट मजदुर यूनियन (नेस्वटेगामयू)** - Independent Textile Garment Workers' Union of Nepal (ITGWUN)

| | | | |
|---|---|---|---|
| धर्मानन्द संजेल | नारायण कुमारी खनाल | पुजन निरौला | अर्जुन अधिकारी |
| केशव दुवाडी | टिका उप्रेती | सुनीता गिरी | लक्ष्मी थापा |
| ज्ञान बहादुर थापा | सुभास चन्द्र संग्रौला | निलम ढुङ्गेल | लक्ष्मी रिजाल |
| राज बहादुर कटुवाल | लोकेन्द्र बहादुर नेपाली | अमर यादव | निलम ढुङ्गेल |
| कृष्णलाल श्रेष्ठ | सुमित्रा चुडाल | भोटाइ चौधरी | गौरी दमाई |
| ध्रुवकुमार रायमाझी | सावित्रा शर्मा | पार्वती गुरुङ | लक्ष्मी घिमिरे |
| युवराज भट्टराई | भागीरथा उप्रेती | केशव आचार्य | संगीता किलम्बु |
| हुमाकान्त काफल | दिनेश कुमार राई | रामचन्द्र चौधरी | प्रभा महर्जन |
| हरिभक्त अर्याल | अरुणा थापा | लोकेन्द्र पहाडी नेपाली | |
| बसन्ती खड्का | तिलक पाण्डे | नौरा दमाइ | |

**नेपाल यातायात स्वतन्त्र मजदुर संगठन (नेयास्वमसं)** - Independent Transport Workers' Association of Nepal (ITWAN)

| | | | |
|---|---|---|---|
| श्रीधरप्रसाद श्रेष्ठ | रुपा गिरी | विष्णु सिटौला | हेमबहादुर न्यौपाने |
| रामनरेश सिंह | शंभु प्रसाद नेपाल | नगेन्द्र खड्का | जुना दहाल |
| दिल्ली बहादुर राना | दुर्गा श्रेष्ठ | कुल बहादुर खत्री | रुद्र खत्री |
| बलराम फुयाल | हरि ढकाल | विष्णु बास्तोला | हरिबहादुर कार्की |
| छविलाल लम्साल | इन्द्र बहादुर गुरुङ | सुरेन्द्र प्र. शाह | भेष कुमार पौडेल |
| महेन्द्र बुढोथाकी | कृष्ण भुसाल | शशीकुमार राई | वीरेन्द्र सिंह ठकुरी |
| नारायणप्रसाद भट्टराई | विष्णुप्रसाद भण्डारी | रामकुमार कार्की | जित बहादुर मल्ल |
| गंगा भण्डारी | भागिरथ भट्टराई | शम्भुकुमार श्रेष्ठ | ठाकुर श्रेष्ठ |
| गौरीशंकर तामाङ | हरिदत्त जोशी | मनोज कुमार सिंह | विष्णु लामा |
| गणेश केसी | विमला थापा | कृष्णकुमार भण्डारी | बिमला वि.क. |
| शशीकुमार राई | अर्जुन अर्याल | धनन्जय मिश्र | कमला तामाङ्ग (लामा) |
| उमेश प्रसाद मिश्र | ध्रुव अर्याल | हरी बहादुर भुजेल | रचिला तामाङ्ग |
| राजेन्द्र रिजाल | इन्द्र प्र पौडेल | केदार कार्की | |
| माया वेगा | विष्णु भण्डारी | शेखरबाबु ढुंगाना | |

### नेपाल स्वतन्त्र कार्पेट मजदुर यूनियन (नेस्वकामयू) - Nepal Independent Carpet Workers' Union (NICWU)

| | | | |
|---|---|---|---|
| निर्मला राई | शान्ती जिरेल | दानमाया राई | चन्द्र कुमार राई |
| तुलसी सिवाकोटी | अम्बिका थापा | सिता तिदोङ | गणेश लामा |
| युवराज जिरेल | सुवास धिमाल | कुलबहादुर लामा | विष्णुभक्त फुयाल |
| सीता लामा | चक्र बहादुर तामाङ | वृद्धिलाल स्याङतान | इन्द्रकला राई |
| रामहरि श्रेष्ठ | चन्द्र कुमारी मगर | टिका माया मगर | |
| फुलमाया लामा | मनकुमार तामाङ | जीत कुमार राई | |

### नेपाल स्वतन्त्र होटल मजदुर यूनियन - Nepal Independent Hotel Workers' Union (NIHWU)

| | | | |
|---|---|---|---|
| केदार अर्याल | मीना शर्मा | बाबुराम भट्टराई | सुमिना बस्नेत |
| केशवराज सुवेदी | मनोहर प्रधानाङ्ग | रामकृष्ण महर्जन | सुनिता मानन्धर |
| सूर्य बहादुर कुँवर | सुनिता थापा | हिरु पुन | उमा वानिया |
| उदयचन्द्र अर्याल | शुम्भु प्रताप राणा | अर्जुन राई | रंजिता धिताल |
| दुर्गाप्रसाद सापकोटा | मंगलमाया महर्जन | उत्तम रिजाल | माया लामिछाने |
| प्रेम वहादुर पौजु | हरि भुजेल | अर्जुन मैनाली | |
| इन्दिरा लामा | राम विक्रम कार्की | माधव न्यौपान | |
| राम बुढाथोकी | चन्द्रकला थापा | छवी पाण्डे | |
| मनोज खड्का | बंशिधर भट्टराई | रीता राना | |

### नेपाल ट्रेकिङ, ट्राभल्स, र्‍याफ्ट्री मजदुर यूनियन (यूनिट्राभ) - Nepal Trekking, Traverls, Rafting Workers' Union (UNITRAV)

| | | | |
|---|---|---|---|
| सार्की तामाङ | सुमन पराजुली | विष्णु प्रसाद दाहाल | जीवनराज सापकोटा |
| बि. बि. थापा | लीला चेम्जोङ सुब्बा | नारायण प्रसाद दाहाल | दोर्जे खत्री |
| पूर्णचन्द्र भुसाल | कृष्णप्रसाद भण्डारी | श्याम कुमार राई | सरस्वती वि.क. |
| शिवभक्त थापा | अम्बर बहादुर पौडेल | शेषकान्त शर्मा | |

### नेपाल स्वतन्त्र चिया मजदुर यूनियन (नेस्वचिमयू) - Independent Tea Plantation Workers' Union of Nepal (ITPWUN)

| | | | |
|---|---|---|---|
| देवी प्रसाद विक | चम्पा श्रेष्ठ | इन्दिरा खड्का | राधा भारती |
| रामबहादुर राई | बालगोविन्द मुण्डा | विक्रम गिरी | लक्की दोर्जी |
| सुकमती देवान | चेत कुमारी भण्डारी | रामचन्द्र विक | जसना धिमाल |
| सही कुमार राई | शिशुकुमारी धिमाल | कमल प्रसाद भट्टराई | मती सुब्बा |
| छत्र बहादुर बि.क. | प्रभाकर भट्टराई | यामनाथ सुवेदी | |
| तीरनाथ राजवंशी | टंक राय | नारायण राई | |
| नरेश वि. क. | सिमल मर्डी | रन्जित बोहोरा | |

### नेपाल स्वतन्त्र प्रेस मजदुर यूनियन (नेस्वप्रेमयू) - Independent Press Workers' Union of Nepal (IPWUN)

| | | | |
|---|---|---|---|
| महेन्द्र श्रेष्ठ | सुभद्रा उप्रेती | सुर्य बहादुर बानिया | राधा ओखेडा |
| चित्र बहादुर बस्नेत | कृपा कार्की | जंग बहादुर घर्तीमगर | सुसन खड्का |
| श्याम सुन्दर धिमाल | विरेन्द्र राजवंशी | मिलन गिरी | मीरा रंजितकार |
| बालगोपाल थापा | धन कुमार श्रेष्ठ | रामपरी राम | |
| धर्मराज आचार्य | धनकुमार जोशी | रमा देवी सुवेदी | |

**नेपाल अटो–मेकानिक्स ट्रेड यूनियन (नेअट्रेयू) - Nepal Auto-Mechanics Trade Union (NATU)**

| | | | |
|---|---|---|---|
| माधव पाण्डे | कमला तामाङ | तुलसी ढकाल | कुमार गड्तौला |
| शंकर प्रसाद गैह्रे | नारायण पुरी | सरिता पासवान | सुरज गिरी |
| सुरेश दास श्रेष्ठ | सानु नापित | यादव ढकाल | चन्द्राम बि.क. |
| मदन रावल | सन्जु बज्राचार्य | पुरुषोत्तम भण्डारी | केशव सिंह ऐरी |
| रंगलाल गिरी | दिल पुकार केसी | अजय कुमार गुजराल | केशवमणी पौडेल |
| ठक्कर विष्ट | विनोद दुराल | सुमिना पण्डित | |
| प्रदिप घिमिरे | जीवन अधिकारी | विजया सुवेदी | |
| कर्ण बहादुर नेगी | पन्नालाल शाह | कृष्णराज जोशी | |

**नेपाल बिजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदु यूनियन (क्युपेक–नेपाल)**
Central Union for Painters, Plumbers, Electro and Construction Workers, Nepal (CUPPEC-Nepal)

| | | | |
|---|---|---|---|
| अन्तलाल धिमाल | राजु आचार्य | ललित कुमार राई | कृष्ण प्रसाद ढुंगेल |
| मनोहर सिवाकोटी | तेज बहादुर बस्नेत | गोविन्द पोखेल | अन्जु तमटा |
| चन्द्र प्रसाद गुरुङ | मोहनलाल श्रेष्ठ | नन्द कुमार राई | भदौ प्रसाद चौधरी |
| महेश कुमार श्रेष्ठ | शान्ता बस्नेत | गीता राई | इन्द्रराम ओड |
| डी. बी. राई सरोज | दिव्यरुपा खनाल | कृष्ण बहादुर मगर | कृती शोभा राई |
| रघुनन्दन साह | याम कुमारी मगर | प्रमिला देवी राय | सावित्री रोका |
| वेलीमैया घले | संगिता लामा | गीता दनुवार | माया दर्नाल |
| कृष्ण मानन्धर | रामप्रसाद पाण्डे | गीता श्रेष्ठ | कल्पना सेठी |
| डिल्लीराम बाह्राकोटी | हेमन्तराज माण्डव्य | अशोक लामा | धुपा देवी राई |
| कुमार चाम्लिङ राई | टिकाराम थापा | सोम बहादुर आले | |
| प्रदिप कुमार चौधरी | लीलाबहादुर कार्की (रामचन्द्र) | चन्द्रकुमारी श्रेष्ठ | |
| राम बहादुर नेपाली | काजीमान गुरुङ | युवराज पोखरेल | |

**नेपाल स्वतन्त्र सफाइ मजदुर यूनियन (नेस्वसमयू) - Independent Garbage Cleaners' Union of Nepal (IGCUN)**

| | | | |
|---|---|---|---|
| मायादेवी पोडे | अर्जुन गायक | ईश्वरी दवाडी | सुरेन्द्र देउला |
| मदन द्योला | लाल बहादुर पुन | रामलाल अवाले | रेणु पाण्डे |
| शारदा पोडे | कान्छी देउला | मधुमती द्योला | शान्ता भट्टराई |
| प्रेम पोडे | भग्लु मलिक | मचाबाबु मालाकार | |

**नेपाल रिक्सा चालक यूनियन (नेरिचायू) - Nepal Rikshaw Pullers' Union (NIRPU)**

| | | | |
|---|---|---|---|
| सल बहादुर खड्का | जगन शाह | निमेश क्षत्री | झलकमान राई |
| मुनेश्वर चौधरी | हरि तामाङ | विष्णु श्रेष्ठ | मोहन आर्चाय |
| शेषराज वास्तोला | टोपबहादुर शाही | लाल बहादुर चुनारा | अर्जुन खड्का |
| सूर्य प्रसाद कट्टेल | झलक राई | वीरबहादुर तामाङ | |

**नेपाल स्वतन्त्र खाद्य तथा पेय मजदुर यूनियन (नेस्वखापेमयू) - Nepal Independent Food and Beverage Workers' Union (NIFBWU)**

| | | | |
|---|---|---|---|
| कृष्ण रिमाल | धिरेन्द्र प्रसाद यादव | भरत कु. अधिकारी | निरकमल श्रेष्ठ |
| हर्ष महर्जन | मनोज कुमार मगर | मनिलाल सहनी | राधिका तामाङ |
| रमेश प्रसाद मैनाली | बसन्ती पोखरेल | गोविन्द अर्याल | राधा शाही |
| वृहस्पति पराजुली | इन्द्र न्यौपाने | नर बहादुर केसी | रुकु हमाल |
| राजन भण्डारी | रुक्मणी शाही | भामा देवी पौडेल (सरला) | |
| सत्यनारायण चौधरी | सीता क्षेत्री | गोविन्द विक | |
| तारक प्रसाद चिमरिया | नवराज बास्तोला | रमेश गिरी | |

**नेपाल स्वतन्त्र केमिकल तथा आइरन मजदुर यूनियन (नेस्वकेआमयू)** - Nepal Independent Chemical and Iron Workers' Union (NICIWU)

| | | | |
|---|---|---|---|
| आनन्द थामी | कृष्णबहादुर गुरुङ | जनार्दन पाण्डे | राजकुमार लामा |
| चित्रकुमार केसी | पद्मराज रिजाल | अर्जुन ढुंगेल | विजया खड्का |
| टिकाराम पौडेल | विनोद महतो | नारायण अधिकारी | मीना चौधरी |
| फिपराज सुब्बा | पार्वती थापा | हरि बहादुर क्षेत्री | शिमा कुमारी मास्के |
| शोभालक्ष्मी रंजित | गणेश गिरी | कल्पना पौडेल | तारा देवी पौडेल |
| मञ्जु कुमारी थापा मगर | आशादेवी मगर | राम प्रसाद पौडेल | |
| भैरव पाठक | पुष्पा शेर्पा | पुर्ण बहादुर केसी | |
| लाल बहादुर यक्तेन | विष्णुराम राई | दिलमाया गैरे | |

**कृषि मजदुर संघ, नेपाल (कृमसंघ-नेपाल)** - Federation of Agricultural Workers, Nepal (FAWN)

| | | | |
|---|---|---|---|
| सविता सुनार | सरीता सुब्बा | फुलमाया खत्री | गुमादेवी आचार्य |
| रुका मिश्र | फुलमाया माया तामाङ | लीना चौधरी | खगमाया गजुरेल |
| राजेन्द्र दाहाल | धर्मशीला कुशवाहा | बलराम चौधरी | महेश बैठा |
| सुशिला पौडेल | संगिता उपाध्याय | मुन्नी चौधरी | उमानाथ ढकाल |
| माया भण्डारी | गीता कार्की | शुसीला चौधरी | पुष्पा विक |
| विमला कार्की | सीता बिडारी | सुन्तली चौधरी | योगनाथ डोटेल |
| रत्ना रिजाल | रत्ननलाल बि.क. | ऋषि माया थापा | हरि नारायण चौधरी |
| राजो देवी चौधरी | गीता कार्की | भुमिसरा सुनार | गनोर राउत कुर्मी |
| हरीभक्त राउत | बिना राणा | छोटरानी थरुनी (चौधरी) | विश्वेश्वरा महत्तो |
| राम प्र. मण्डल | कौशिला सिंह | प्रेमा देवी तिवारी | कल्याणी खड्का |
| बिन्दु श्रीवास्तव | लोक बहादुर खत्री | मनकली गुरुङ | सुशिला चौधरी |
| साबित्रा कोइराला | भक्त बहादुर बि.क. | उमा चौधरी | पुष्पनाथ रिजाल |
| पवित्री देवी मण्डल | चन्द्र बहादुर चौधरी | श्रीमन नारायण पौडेल | देशलाल चौधरी |
| सुनमाया कार्की | भगवती अधिकारी | सदनप्रसाद कुर्मी | रामचन्द्र कुँवर |
| लक्ष्मण रेग्मी | शारदा रिजाल | हिरालाल पौडेल | |
| जयरानी सहनी | प्रमिला घिमिरे | रामप्रसाद चौधरी | |
| सुनिल चौरसिया | राजकुमारी चौधरी | मदन रिमाल | |

**नेपाल स्वरोजगार व्यापार श्रमिक संघ (नेस्वश्रसंघ)** - Nepal Street Vendors' Union (NEST)

| | | | |
|---|---|---|---|
| नारायण प्रसाद न्यौपाने | दुर्गामाया राई | सरिता सापकोटा | हीरा रोका मगर |
| जनार्दन पराजुली | पीताम्बर कार्की | इन्द्रबहादुर बस्नेत | लक्ष्मी देवी जोशी |
| कुमार सापकोटा | विष्णुदेवी सुवेदी आचार्य | रुप बहादुर परियार | विजय आचार्य |
| माया गुरुङ | दलबहादुर श्रेष्ठ | दिपा भण्डारी | प्रेमकला चन्द |
| भवानी प्रसाद शर्मा | लालु प्रसाद जोशी | शोभा लामिछाने | भिमा खड्का |
| अवइन्द्र निरौला | विनोद शाह | चन्द्रावती झा | किस्नी देवी चौधरी |
| बासुदेव दाहाल (देवराज) | टिकामाया पौडेल | युवराज रिमाल | |
| अनामिका श्रेष्ठ | भिमकान्त पन्थी | देवी बोहरा | |
| राज कुमार श्रेष्ठ | सुभद्रा घिमिरे | खडक ब. रोका मगर | |

**निजी तथा आवासीय विद्यालय शिक्षक-कर्मचारी यूनियन, नेपाल (प्याब्स्यू)** - Private & Boarding School Employees' Union, Nepal (PABSEU)

| | | | |
|---|---|---|---|
| गुणराम आचार्य | राधारमण खतिवडा | ज्ञानमाया डंगोल | सुशिला (गौतम) न्यौपाने |
| टोपराज ढुंगाना | अच्युत कुमार आचार्य | नवराज संजेल | ध्रुव राज पन्थी |
| रामकुमार केसी | सुकदल लिम्बु | मिना श्रेष्ठ | विद्या राई |
| हरि ज्ञवाली | गंगा रिमाल | गोविन्द न्यौपाने | रेनुका कुमारी शर्मा अधिकारी |
| सिता सुन्दास | मिठु न्यौपाने | मनशान्त घिमिरे | निर्मला पाण्डे |
| नेत्रबन्धु पोखरेल | कृष्ण बन्दु पौडेल | शिवलाल उपाध्याय | सिता अधिकारी पौडेल |

**नेपाल नाई ट्रेड यूनियन** - Nepal Barbers' Trade Union (NEBT)

| | | | |
|---|---|---|---|
| गजेन्द्र ठाकुर | मदन ठाकुर ख | देउनारायण ठाकुर | सञ्जय ठाकुर |
| मदन ठाकुर क | दुर्गा ठाकुर | राजेन्द्र ठाकुर | विनोद ठाकुर |
| नन्दलाल ठाकुर | इलियास हजाम | रामआधार ठाकुर | |
| सुरेश ठाकुर | हरेन्द्र ठाकुर | शान्ती कार्की | |

**नेपाल थाङ्का कला ट्रेड यूनियन** - Nepal Thank Artists' Union (NTAU)

| | | | |
|---|---|---|---|
| पूर्णबहादुर दोङ | छेवाङ तेन्जीङ लामा | सन्त बहादुर तामाङ | शुक्र लामा |
| कर्मध्वज तामाङ | धीरेन लामा | दल बहादुर लामा | निमासांगे लामा |
| चन्द्रसागर लामा | ङावाङ दोर्जे तामाङ | कर्मदोर्जे लामा | हेमन्त प्रधान |
| सुमन तामाङ | दलबहादुर तामाङ | सुन लामा | |

**नेपाल सुरक्षा श्रमिक ट्रेड यूनियन** - Nepal Security Service Trade Union (NSSTU)

| | | | |
|---|---|---|---|
| गणेश श्रेष्ठ | शिव हरि अधिकारी | भैरव कुमार श्रेष्ठ | इश्वरीजंग बम |
| मदन बहादुर पोखरेल | उमा कुमारी भोलन | सुल्मन अन्सारी | बिर बहादुर विष्ट |
| विष्णु प्रसाद वास्तोला | अश्विन अर्याल | होम बहादुर सार्की (नेपाली) | मदन सिंह धामी |
| यादव अधिकारी | सरस्वती कुँवर | वलिन्द्र विक | |
| मानस चौहान | नोर्बु घिसिङ | सुनिल पाखिन | |

**नेपाल कुरियर तथा कार्गो ट्रेड यूनियन** - Nepal Courier and Cargo Workers' Trade Union (NCCWTU)

| | | | |
|---|---|---|---|
| राजेन्द्र भुर्तेल | मिना आचार्य | अप्सरा श्रेष्ठ | प्रेम सुनुवार |
| गोकुल भुर्तेल | मिना कोइराला | जमुना श्रेष्ठ | नवराज ढुंगाना |
| राजकुमार खड्का | शारदा खड्का | पुरुषोत्तम धिताल | |
| शिवहरि फुँयाल | मिरा उप्रेती | माधव सिंखडा | |
| लिलानाथ कँडेल | लोकराज आचार्य | राजेन्द्र प्रसाद ओझा | |

**नेपाल स्वतन्त्र घरेलु श्रमिक संघ** - Nepal Independent House Service Trade Union (NEHSTU)

| | | | |
|---|---|---|---|
| सोनु दनुवार | सुनिता घिमिरे | अलिसा थारु | शंकर पौडेल |
| गोकर्ण नेपाल | अभिमन्यु कुमार सिंह | गणेश दनुवार | |

**नेपाल घर आधारित श्रमिक यूनियन** - Nepal Hmebase Workers' Union (NEHWU)

| | | | |
|---|---|---|---|
| विन्दु श्रेष्ठ | मीना श्रेष्ठ | राममाया गोपाली | अग्नी माया श्रेष्ठ |
| अनिता श्रेष्ठ | विन्दु महर्जन | लक्ष्मी श्रेष्ठ | |
| सरिता जोशी | रत्न कुमारी महर्जन | पुष्पा महर्जन | |
| राज्यलक्ष्मी श्रेष्ठ | कविता दर्शन | अम्बिका प्रजापती | |

### नेपाल कर सहयोगी श्रमिक संगठन - Tax Consular Workers Organization of Nepal

| | | | |
|---|---|---|---|
| उद्धव प्रसाद कडेरिया | शिवप्रसाद न्यौपाने | पुष्कर शर्मा खरेल | नवराज वर्तोला |
| सन्तोष काफले | विष्णुकान्त झा | नारायण पौडेल | शम्भु कुमार कटुवाल |
| रोसन सिवाकोटी | डिल्लीराम खनाल | सागर तुलाधर | सुरक्षा नेपाल |
| पद्मनारायण त्रिपाठी | गणेश धिमाल | सुदिप ढकाल | रञ्जना पाठक |

### नेपाल सुनचाँदी कारिगढ ट्रेड युनियन - Gold & Silver Trade Union of Nepal (GOSITUN)

| | | | |
|---|---|---|---|
| शिवराज पन्थी | दिपक गहतराज | ध्रुव विक | टंक घतानी |
| रेवन्त विश्वकर्मा | सुवास खाती | रामलाल पन्थी | |
| गम बहादुर विक | रामबहादुर विश्वकर्मा | यमलाल विक | |

### नेपाल पेट्रोलियम मजदुर यूनियन - Nepal Petroleum Workers' Union

| | | | |
|---|---|---|---|
| गोकर्णराज खड्का | राजकुमार महर्जन | योगेन्द्र बराल | पूर्ण लामा |
| निर्मल नकर्मी | राजकुमार आचार्य | भीम बहादुर लामा | नागेन्द्र प्रसाद शाह |
| चीज ढकाल | उद्धव वर्तोला | गोविन्द प्रसाद रिजाल | शिव प्रसाद पोखरेल |
| राजु शाही | कृष्ण ढकाल | लक्ष्मण न्यौपाने | |

### राष्ट्रिय सौन्दर्यकर्मी यूनियन, नेपाल - National Beautician Union of Nepal (NABUN)

| | | |
|---|---|---|
| मिरा पोखरेल | पम्फा पहारी (देवकोटा) | प्रतिमा श्रेष्ठ |
| मीना गुरुङ | सुमन गुरुङ (मिश्र कुमारी) | कृष्णा गैरे (नेपाली) |

### प्रवास र अन्य - Migrant & Others

| | | | |
|---|---|---|---|
| प्रकाश बास्कोटा | गंगा थपलिया | नारायण प्र. उप्रेती | युवराज वास्कोटा |
| देवकृष्ण केसी | रेशम बहादुर तामाङ | खेमचन्द्र ढकाल | समर थापा |

### राष्ट्रिय कमिटी - National Committee

| | | | |
|---|---|---|---|
| मुकुन्द न्यौपाने | कवीन्द्र शेखर रिमाल | मोहन नेपाली | सूर्य मोहन सुवेदी |
| ललित बस्नेत | जितेन्द्र श्रेष्ठ | नरनाथ लुइटेल | केशवराज गिरी |
| विष्णु रिमाल | वृद्धि आचार्य | जनक चौधरी | सुरेन्द्र राई |
| विनोद श्रेष्ठ | विदुर कार्की | छविलाल उप्रेती | कमलेश झा |
| उमेश उपाध्याय | जितेन्द्र जोंछें | मधुसुदन खतिवडा | देब बहादुर बम |
| हरिदत्त जोशी | रमेश बडाल | कमल गौतम | अमला श्रेष्ठ |
| विन्दा पाण्डे | पेम्बा लामा | जोगीलाल यादव | गोमा तिमिल्सिना |
| चूडामणि जंगली | बलराम खत्री | राजिव घिमिरे | रेनुका पाण्डे |
| ओम कोइराला | दिनेश राई | दिपक पौडेल | |
| उद्धव केसी | सन्त राई | त्रिविक्रम ज्ञवाली | |
| विना श्रेष्ठ | विष्णु लम्साल | धर्मानन्द पन्त | |

# नेतृत्व / Leadership

## हामीहरु जो निर्वाचित भयौं / We, who got elected

**क. मुकुन्द न्यौपाने**
प्रमुख, महाधिवेशन प्रतिनिधि परिषद
Com. Mukunda Neupane
Chief, Delegate Council

**क. ललितकुमार बस्नेत**
उपप्रमुख, महाधिवेशन प्रतिनिधि परिषद
Com. Lalit Kumar Basnet
Dy Chief, Delegate Council

**क. विष्णु रिमाल**
अध्यक्ष
Com. Bishnu Rimal
Chairperson

**क. बिनोद श्रेष्ठ**
वरिष्ठ उपाध्यक्ष
Com. Binod Shrestha
Sr. Vice-Chairperson

**क. उद्धब के.सी.**
केन्द्रीय युनियन परीषदको संयोजक (उपाध्यक्ष)
Com. Uddhab KC
Coordinator-Central Union Council (VC)

**क. चुडामणी जंगली**
भौगोलीक संरचना समन्वय कमिटीको संयोजक (उपाध्यक्ष)
Com. Chudamani Jungali
Coordinator-Geographical (VC)

**क. हरिदत्त जोशी**
केन्द्रीय श्रम सम्बन्ध परीषदको संयोजक (उपाध्यक्ष)
Com. Hari Datta Joshi
Coordinator-Labour Relation Council (VC)

**क. उमेश उपाध्याय**
महासचिव
Com. Umesh Upadhyaya
Secretary General

**क. पेम्बा लामा**
उपमहासचिव (महिला)
Com. Pemba Lama
Dy Secretary General

**क. विष्णु लम्साल**
उपमहासचिव
Com. Bishnu Lamsal
Dy Secretary General

**क. जनक चौधरी**
उपमहासचिव
Com. Janak Chaudhary
Dy Secretary General

**क. रमेश बडाल**
सचिव-विदेश
Com. Ramesh Badal
Secretary - Foreign Dept.

**क. जितेन्द्र जोन्छे**
सचिव-आर्थिक
Com. Jitendra Jonchhe
Secretary - Finance Dept.

**क. विदूर कार्की**
सचिव-ट्रेड यूनियन शिक्षा
Com. Bidur Karki
Secretary - Trade Union Education

**क. जितेन्द्र श्रेष्ठ**
सचिव-प्रचार
Com. Jitendra Shrestha
Secretary - Publicity

**क. दिपक पौडेल**
सचिव-सामाजिक सुरक्षा
Com. Dipak Poudel
Secretary - Social Security

**क. बालगोपाल थापा**
अध्यक्ष-जिफण्ट युवा कमिटी
Com. Balgopal Thapa
Chief - Youth Committee

**क. सन्त कुमार राई**
अंचल अध्यक्ष-मेची
Com. Santa Kumar Rai
Zonal Chief, Mechi

**क. जोगीलाल यादव**
अंचल अध्यक्ष-कोशी
Com. Yogi Lal Yadav
Zonal Chief, Koshi

**क. त्रिविक्रम ज्ञवाली**
अंचल अध्यक्ष-सगरमाथा
Com. Tribikram Gyawali
Zonal Chief, Sagarmatha

**क. सुरेन्द्र राई**
अंचल अध्यक्ष-जनकपुर
Com. Surendra Rai
Zonal Chief, Janakpur

**क. कमलेश झा**
अंचल अध्यक्ष-पूर्व नारायणी
Com. Kamalesh Jha
Zonal Chief, East Narayani

**क. मधुसुदन खतिवडा**
अंचल अध्यक्ष-पश्चिम नारायणी
Com. Madhusudan Khatiwada
Zonal Chief, West Narayani

**क. तुलसी शिवाकोटी**
अंचल अध्यक्ष-बागमती
Com. Tulasi Shiwakoti
Zonal Chief, Bagmati

**क. युवराज पौडेल**
अंचल अध्यक्ष-गण्डकी धवलागिरी
Com. Yuvaraj Poudel
Zonal Chief, Gandaki Dhawalagiri

**क. हरिबहादुर कार्की**
अंचल अध्यक्ष-लुम्बिनी राप्ती
Com. Hari Bahadur Karki
Zonal Chief, Lumbini Rapti

**क. केशव राज गिरी**
अंचल अध्यक्ष-भेरी कर्णाली
Com. Keshav Raj Giri
Zonal Chief, Bheri Karnali

**क. देवबहादुर बम (दीपक)**
अंचल अध्यक्ष-सेती
Com. Dev Bahadur Bam
Zonal Chief, Seti

**क. धर्मानन्द पन्त**
अंचल अध्यक्ष-महाकाली
Com. Dharmanand Panta
Zonal Chief, Mahakali

**क. दिनेश राई**
औद्योगिक क्षेत्र यूनियन परिषद
Com. Dinesh Rai
Industrial Sectors' Union Council

**क. केशवप्रसाद दुवाडी**
गार्मेन्ट-कार्पेट सम्बद्ध क्षेत्र यूनियन परिषद
Com. Keshav P. Duwadi
Garment-Carpet & Allied Sectors' UC

**क. रामनरेश सिंह**
यातायात सम्बद्ध क्षेत्र यूनियन परिषद
Com. Ramnaresh Singh
Transport & Allied Sectors' UC

**क. मदन रिमाल**
कृषि तथा बगान क्षेत्र यूनियन परिषद
Com. Madan Rimal
Agriculture & Plantation Sectors' UC

**क. केदार अर्याल**
पर्यटन क्षेत्र यूनियन परिषद
Com. Kedar Aryal
Tourism Sectors' UC

**क. नरनाथ लुईटेल**
गैरकृषि अनौपचारिक क्षेत्र यूनियन परिषद
Com. Nara Nath Luitel
Non-Agricutlure Informal Sectors' UC

| | | |
|---|---|---|
| क. गुणराम आचार्य<br>शिक्षा, संचार तथा सेवा क्षेत्र यूनियन परिषद<br>Com. Gunaram Acharya<br>Education, Comm. & Service Sectors' UC | क. मोहन नेपाली<br>शहरी अनौपचारिक क्षेत्र यूनियन परिषद<br>Com. Mohan Nepali<br>Urban Informal Sectors' UC | क. कमल गौतम<br>स्वास्थ्य क्षेत्र यूनियन परिषद<br>Com. Kamal Gautam<br>Health Sectors' UC |

**महिला कमिटी / Women Committee**

| | | | |
|---|---|---|---|
| क. मिना चौधरी<br>Com. Mina Chaudhary | क. सीता लामा<br>Com. Sita Lama | क. कमला देवी तामाङ<br>Com. Kamala Devi Tamang | क. सुकमती देवान<br>Com. Sukamati Dewan |
| क. मिना शर्मा<br>Com. Mina Sharma | क. माया गुरुङ<br>Com. Maya Gurung | क. सुभद्रा उप्रेती<br>Com. Subhadra Upreti | क. मायादेवी पोडे<br>Com. Maya Devi Pode |
| क. मिना गुरुङ<br>Com. Mina Gurung | क. गुमादेवी आचार्य<br>Com. Guma Devi Acharya | क. विना श्रेष्ठ<br>Com. Bina Shrestha | क. बेलीमैया घले<br>Com. Beli Maiya Ghale |
| क. मञ्जु थापा मगर<br>Com. Manju Thapa Magar | क. अरुणा थापा<br>Com. Aruna Thapa | क. अमला श्रेष्ठ<br>Com. Amala Shrestha | क. दिपा भण्डारी<br>Com. Dipa Bhandari |
| क. विन्दु श्रीवास्तव<br>Com. Bindu Shreevastav | | | |

**महाधिवेशनबाट अनुमोदन प्राप्त कमिटीहरू / Committees rectified by the Congress**

**वरिष्ठ यूनियनकर्मी संजाल / GEFONT Vetran's Network**

क. ओम कोइराला, संयोजक / Com. Om Koirala, Coordinator

क. कवीन्द्रशेखर रिमाल, सदस्यसचिव / Com. Kabindra S. Rimal, Member Secretary

क. गोमा तिमिल्सिना / Com. Goma Timilsina

क. माधव न्यौपाने / Com. Madhav Neupane

**जिफन्ट लगानी व्यवस्थापन तथा प्रवर्द्धन विशेष कमिटी /**
**GEFONT Special Committee on Investment Management & Promotion**

संयोजक–सचिव, आर्थिक विभाग / Coordinator - Secretary, Finance Dept.

क. बलराम खत्री, सदस्यसचिव / Com. Balaram Khatri, Member Secretary

क. महेन्द्रलाल श्रेष्ठ / Com. Mahendra Lal Shrestha

क. सार्कीमान तामाङ / Com. Sarki Man Tamang

क. सूर्य कुँवर / Com. Surya Kunwar

क. नारायण न्यौपाने / Com. Narayan Neupane

**केन्द्रीय श्रम सम्बन्ध परिषद / Central Labour Relation Council**

संयोजक – उपाध्यक्ष / Coordinator - Vice-Chairperson

सदस्यसचिव – उपमहासचिव / Member Secretary - Dy Secretary General

क. डिल्लीबहादुर राना / Com. Dilli Bahadur Rana

क. कृष्ण रिमाल / Com. Krishna Rimal

क. युवराज जिरेल / Com. Yubaraj Jirel

क. माधव पाण्डे / Com. Madhav Pandey

क. अमर यादव / Com. Amar Yadav

क. रेणुका पाण्डे / Com. Renuka Pandey

क. अर्जुन अधिकारी / Com. Arjun Adhikari

क. राम बुढाथोकी / Com. Ram Budhathoki

## नेपाल ट्रेड यूनियन महासंघ, पाँचौं राष्ट्रिय महाधिवेशनद्वारा पारित

# प्रस्तावहरू

**विशेष प्रस्ताव-१**

### नयाँ नेपाल सुहाउँदो श्रम सम्बन्ध

**महाधिवेशन महसूस गर्छ-**

- श्रम सम्बन्ध भनेको श्रमिक र रोजगारदाता बीचको स्वार्थमा हुने टक्कर र सहमतिहरूको प्रतिविम्व हो। यसलाई व्यवस्थापन गर्ने तरिका, मोटामोटी रूपमा ४ कोणबाट बुझ्ने प्रचलन पाइन्छ । पहिलो अवधारणा "श्रमिक-रोजगारदाता बीचको द्वन्द्व, वर्गसंघर्ष", जस अनुरूसार उद्यमी (वुर्जुवा, पूँजीपति वर्गको अर्थमा) र श्रमिक भनेका 'बाघ र बाखा' हुन् । पहिलो वर्ग अर्थात् 'बाघ'को निषेध बिना दोस्रोको मुक्ति सम्भव छैन। दोस्रो अवधारणाले भन्छ- "रोजगारदाता-श्रमिक बीचको सम्बन्ध पिडक-पीडित" जस्तो हुन्छ । तसर्थ 'पीडक' अर्थात् रोजगारदाताले गरेको अत्याचारको भूत 'पीडित' अर्थात् श्रमिकहरूको मस्तिष्कबाट नहटेसम्म उनीहरूको मुक्ति संभव छैन । यसको लागि पीडक (रोजगारदाता)ले पीडित (श्रमिक)को कुरा सुन्नै पर्छ, र पीडकले नै पीडितसँग संझौता गर्नुपर्छ। तेस्रो अवधारणामा "उत्पादन प्रक्रियामा पूँजी लगानी गर्ने र श्रम लगानी गर्ने बीच पारस्परिक सहयोग हुन्छ" भन्ने मान्यता राखिन्छ। उनीहरू बीच सापेक्षित सहकार्य (जर्मनीको कोडिटरमिनेशन जस्तै) हुनुपर्नेमा जोड दिइन्छ । यी तीन बाहेकका अवधारणा रोजगारदाता सामु आत्मसमर्पण मात्र हुनसक्छ- जहाँ चर्का कुरा गरेर श्रमिकहरूलाई उराल्ने र आफ्नो निजी लाभमा बिकेका श्रमिक नेताले उद्यमीका इसारामा सदस्यलाई नियन्त्रण गर्ने" समेत हुनसक्छ ।

- नेपालमा दुई पक्ष बीचको स्वार्थको भिन्नतालाई यसरी चित्रण गर्ने गरिएको छ-

  रोजगारदाताको जोड- **अनुशासनमा**
  श्रमिकको दावी- **उत्प्रेरणामा**

  रोजगारदाताको जोड- **उत्पादकत्वमा**
  श्रमिकको दावी- **इन्सेन्टीभमा**

  रोजगारदाताको जोड- **बजारको माग र आपूर्तीमा**
  श्रमिकको जोड- **श्रम मापदण्ड लागू गर्नेमा**

  रोजगारदाताको प्रस्ताव- **काममा**
  श्रमिकको दावी- **मर्यादित काममा**

  रोजगारदाताको जोड- **व्यक्तिगत विषयमा**
  श्रमिकको दावी-**सामूहिक विषयमा**

  रोजगारदाताले श्रमिकलाई **लगाउने दोष- कामचोर**
  श्रमिकले रोजगारदातालाई **फर्काउने आरोप- शोषक**

- नयाँ नेपालका निमित्त प्रतिष्ठान आधारित सामूहिक सौदावाजीका प्रक्रिया फलदायी र प्रभावकारी हुन सक्तैन भन्ने कुरा विगतको अभ्यासले सावित गरिसकेको छ। अबको सामूहिक सौदावाजीको प्रक्रियामा ट्रेड यूनियन संघहरूको निर्णायक भूमिका जरुरी छ । औद्योगिक स्तरमा सामूहिक सौदावाजीको प्रर्णालीबाट नै श्रमिकको पक्षमा श्रमबजारमा एकरूपता सम्भव हुन्छ। स्थानीय समस्याहरूमा ट्रेड युनियन संघहरूको इकाईहरूले भूमिका खेल्ने र समाधान गर्ने तथा राष्ट्रिय स्तरमा भएका औद्योगिक सामूहिक सौदावाजी लागू भए नभएको विषयमा दवावकारी र जुझारु भूमिका खेल्ने बाटो उपयुक्त हुन्छ । यसरी स्थानीय तहमा ट्रेड यूनियन संघ इकाईहरू संवाद र सघर्ष गर्ने, औद्योगिक स्तरमा राष्ट्रिय संघहरू र उद्यमी व्यवसायीका विषयगत संघहरू बीच सामूहिक सौदावाजी हुने तथा महासंघ तहमा राष्ट्रिय सरोकारका नीतिगत विषयमा श्रमिक हितका वृहत एजेण्डामा संघर्ष, छलफल र सम्झौता हुने प्रणाली स्थापना गर्नु पर्दछ।

- श्रम सम्बन्धलाई व्यवस्थित गर्न श्रमविवादहरूको न्यायपूर्ण र छिटो समाधान आवश्यक हुन्छ। ढिलो न्याय दिइनु न्याय

नदिनु सरह हो भन्ने न्यायको सिद्धान्तको समर्थन गर्दा अदालतीय व्यवस्था र श्रम अदालतको वर्तमान अभ्यास श्रमिकहरूको लागि र श्रम विवादको प्रभावकारी समाधानका लागि अपर्याप्त सावित भएको छ । तसर्थ श्रम विवादहरूको छिटो छरितो र न्यायपूर्ण समाधानद्वारा असल श्रम सम्बन्ध सुनिश्चित गर्न त्रिपक्षीय सहमतिमा आधारित संरचना भएको निष्पक्ष राष्ट्रिय श्रम आयोगको गठन र संचालनमा हुनुपर्छ। राजनीतिक ढङ्गको नभई संवैधानिक र अधिकार सम्पन्न अर्ध न्यायिक निकायको रूपमा यसको गठन हुनुपर्दछ । यसै आयोगले तोक्ने ट्रेड यूनियन प्रतिनिधिद्वारा प्रभावकारी श्रम निरिक्षण प्रणाली लागू गरिनु पर्दछ ।

- हाल जारी श्रम कानुन सुधारको प्रक्रियालाई श्रमिक हितको मूल गन्तव्यमा पुऱ्याउन श्रम ऐन र ट्रेड युनियन ऐनमा संशोधन तथा नयाँ ऐनको रूपमा सामाजिक सुरक्षा ऐन बनाउन र कार्यान्वयन गराउनु पर्दछ ।

**तसर्थ महाधिवेशन आव्हान गर्दछ-**

- संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र भित्रका सबै महासंघहरूलाई संयुक्त रूपमा नै भूमिका निर्वाह गर्न हार्दिक आव्हान गर्दछ ।

**विशेष प्रस्ताव-२**

## सामाजिक रूपान्तरणको लागि विशेष प्रस्ताव

ट्रेड युनियन आन्दोलन आमरूपमा चार अधिकार - कामको अधिकार, ज्यालाको अधिकार, समानताको अधिकार र स्वतन्त्रताको अधिकारका लागि सङ्घर्षरत छ । यी चारवटै अधिकारका विषयहरू एकआपसमा जोडिएका सामाजिक रूपान्तरणका विषयहरू पनि हुन्। राजनीतिक, आर्थिक, सामाजिक द्वन्द्वको सम्बोधन सामाजिक रूपान्तरणले मात्र हुन सक्छ । राज्य-समाज-अर्थतन्त्रको पुनर्संरचना गरी स्रोत, शक्ति अवसरमा सबै नागरिकहरूको समान तथा न्यायपूर्ण पहुँच स्थापित गर्नु नै सामाजिक रूपान्तरणको मूल अभिष्ट हो ।

**तसर्थ,**

- लैङ्गिक समानताको पक्षमा दृढतापूर्वक उभिएर सामाजिक रूपान्तरणको प्रक्रियामा महिला श्रमिकहरूको भूमिकालाई अधिकतम प्रभावकारी बनाउन सबै महिला घटकहरू र संरचनाहरूलाई परिचालित गर्न;
- सबैखाले उत्पीडन र सामाजिक भेदभाव विरुद्ध अभियानहरू सञ्चालन गर्न र अरु क्षेत्रका अधिकारकर्मीहरूसँग पनि सहकार्य गर्न;
- न्यायपूर्ण र शोषणमुक्त नेपाली समाज जहाँ श्रमजीवीहरूको सम्मान र समृद्धि अधिकतम हुन्छ, त्यो लक्ष्यसम्म पुग्नका लागि समाजवादको बाटोतर्फ अग्रसर हुन सम्पूर्ण श्रमिक जनताका बीचमा जागरण अभियानका कार्यक्रमहरू लैजान

**यो महाधिवेशन आव्हान गर्दछ ।**

**विशेष प्रस्ताव-३**

## नेपाल ट्रेड यूनियन महासंघ र पेशागत महासंघ, नेपाल बीच एकीकरणको प्रस्ताव

**यो महाधिवेशन ठहर गर्दछ,**

- पेशागत महासंघ, नेपाल र नेपाल ट्रेड यूनियन महासंघ दुई अलग-अलग पृष्ठभूमि र ऐतिहासिक आवश्यकतामा स्थापित र विकसित भएका ट्रेड यूनियन केन्द्रहरू हुन्। मूलतः निजामती र सार्वजनिक संस्थान जस्ता सेवा क्षेत्रमा कार्यरत पेशाकर्मीहरू पेशागत महासंघको छाताभित्र र मूलतः निजी लगानीका कृषि, उत्पादन र सेवाका अन्य क्षेत्रमा कार्यरत श्रमिकहरू जिफन्टको छाता भित्र आ-आफ्नै किसिमबाट स्वतन्त्रढंगले क्रियाशील रहँदै आएका छन् । यी दुवै संगठन उस्तै राजनीतिक-वैचारिक मार्गदर्शनमा परिचालित छन् ।

